“समृद्ध गाउँपालिकाः सुखी जनता”

“सामाजिक न्यायसहितको आर्थिक विकास, न्यायोचित वितरणसहितको आर्थिक समृद्धि”

# त्रिवेणी गाउँपालिकाको
# दशौं गाउँसभा (वर्षे अधिवेशन) मा गाउँपालिका अध्यक्ष
# श्री शान्त कुमार वलीज्यूले प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम

(मिति २०७८ असार १० गते)

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुगार, रोल्पा
लुम्बिनी प्रदेश, नेपाल

**गाउँसभाका उपाध्यक्ष तथा सम्पूर्ण सदस्यज्यूहरु,**

नेपालको संविधान अनुसार सार्वभौमसत्ता सम्पन्न प्रतिनिधि संस्थाको रुपमा रहेको यस त्रिवेणी गाउँपालिकाको सम्मानित दशौं गाउँसभा समक्ष अध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मैले अपार हर्ष र गौरवको अनुभूति गरिरहेको छु । यस अवसरमा पाल्नुहुने गरिमामय सभाका उपाध्यक्ष तथा सदस्यज्यूहरु लगायत उपस्थित सम्पूर्णमा हार्दिक न्यानो अभिवादन गर्न चाहान्छु । नेपाल लगायत सिंगो विश्व नै कोरोना भाइरस (कोभिड-१९) को चपेटामा परिरहेको असहज तथा चुनौतिपूर्ण परिस्थितिमा आज त्रिवेणी गाउँपालिकाको यस सभामा गाउँपालिकाको नीति तथा कार्यक्रमलाई सम्बोधन गर्दैछु । त्रिवेणी गाउँपालिकालाई आत्मनिर्भर, समाजवादोन्मुख, सुन्दर र समृद्ध बनाउने आकांक्षा बमोजिम यो नीति तथा कार्यक्रम प्रस्तुत गरेको छु ।

नेपालको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, स्वाभिमान, लोकतान्त्रिक गणतन्त्र तथा सामाजिक न्याय र जनताको अधिकार प्राप्तीका लागि भएका विभिन्न आन्दोलनमा सहादत प्राप्त गर्नुहुने ज्ञातअज्ञात महान् शहिदहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्न चाहन्छु । जोखिमयुक्त परिस्थितिमा अग्रपंक्तिमा रहेर सेवा प्रदान गर्नुहुने जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, राष्ट्रसेवक कर्मचारी लगायतको म उच्च प्रशंसा गर्दछु । साथै यस विषम् परिस्थितिमा आ-आफ्नो क्षेत्रबाट सहयोग पुऱ्याउनु हुने विभिन्न संघसंस्था लगायतलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

गाउँपालिकाले छोटो समयमा नै उत्साहवर्द्धक उपलब्धिहरु हाँसिल गर्न सफल भएको छ । यस अवधिमा उल्लेख्य सामाजिक विकास, भौतिक प्रगति तथा आर्थिक वृद्धि हाँसिल हुनुका साथै सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता र विश्वासनीयता कायम गर्न सफल भएको छ । यी उपलब्धिहरुले समृद्धि हाँसिल गर्न बलियो आधार निर्माण गर्दै लोकतान्त्रिक व्यवस्थालाई मजबुत अझ पार्नेछन् ।

गाउँपालिकाले संघ र प्रदेशसँग समन्वय गरी सहकारीता र समन्वयका आधारमा स्थानीय तहको सर्वाङ्गिण विकास र समृद्धिका योजनाहरु सञ्चालनमा ल्याएको छ । त्यसैगरी सामाजिक संरक्षण एवम् न्याय, विकास निर्माण, सुशासन प्रवर्द्धन तथा क्षमता अभिवृद्धिसँग सम्बन्धित कार्यक्रमहरुलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक पर्ने कानून जारी गरी कार्यान्वयनमा ल्याएको छ ।

विभिन्न किसिमका विपद् व्यवस्थापन गर्न विभिन्न क्षेत्रका सरोकारवालासँगको सहकार्यमा राहत, तत्काल उद्धार, पुनर्निर्माण तथा सूचना, सचेतना तथा जानकारीमूलक कार्यक्रमहरु सञ्चालनमा ल्याइएको छ । आधारभूत शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक न्याय तथा संरक्षणका अवसर उपलब्ध गराई शान्ति, सुरक्षा र सु-व्यवस्थासहितको न्यायपूर्ण, समुन्नत, सभ्य र सु-संस्कृत समाज निर्माण गर्न गाउँपालिका प्रतिवद्ध रहेको छ । महामारीका कारण सामाजिक आर्थिक क्षेत्रमा परेको प्रतिकूल असरलाई ध्यान दिँदै हाम्रा आकांक्षा पूरा गर्न स्थानीय सरकारले देहायका रणनीति आधार र पक्षहरुलाई केन्द्रमा राखी आगामी आर्थिक वर्ष २०७८/०७९ को नीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

**गाउँसभाका उपाध्यक्ष तथा सम्पूर्ण सदस्यज्यूहरु,**

अब म चालू आर्थिक वर्ष २०७७/०७८ को समिक्षा प्रस्तुत गर्न चाहन्छु,-

## चालू आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रमको समिक्षा

हामीले २०७४/०७५, २०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को बजेट तथा कार्यक्रम निर्माण गरेर कार्यान्वयन गरी चौथो वर्ष पूरा गरेर पाँचौं वर्षमा प्रवेश गरेका छौँ। यस अवधिको शुरूका आर्थिक वर्षहरूमा हामीलाई आवश्यक कानून, कार्यविधि, कर्मचारी अभाव तथा कमर्चारी समायोजनका कारण कठिनाइ उत्पन्न भयो। अवधिको मध्यतिर संघ र प्रदेशबाट बन्नु पर्ने कानून समयमै नबन्नु, संविधानले हामीलाई दिएका अधिकार कार्यान्वयन गर्न कठिनाइ हुनु, हामीले समयमै आफ्ना ऐन, कानून, नियमावली र कार्यविधि बनाउन नसक्नु, आवधिक योजना, गुरूयोजना बनाउन छुट्याइएको बजेट कार्यान्वयन गर्न नसक्नुले गाउँपालिकाको प्राथमिक योजना के हुन् ? धेरैभन्दा धेरै जनतालाई सम्बोधन गर्ने योजनाहरू के हुन् ? भन्ने कुरा ठम्याउन कठिनाइ भयो भने हालैका वर्षहरूमा विश्वव्यापी रुपमा फैलिएको कोभिड -१९ को महामारीका कारण कार्यसम्पादनमा असहज परिस्थिति उत्पन्न भई विकास कार्यमा असर पर्न गएको छ। उल्लेखित प्रतिकुल परिस्थितिका बाबजुत पनि यस गाउँपालिकाले विगत वर्षहरूमा झैं यस चालु आर्थिक वर्षमा पनि उल्लेखनीय रुपमा विकासात्मक तथा सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित कल्याणकारी कार्यहरु सम्पन्न गरेको छ, जसलाई देहाय अनुसार विषयगत शीर्षक अन्तर्गत उल्लेख गर्न चाहान्छु-

### क) आर्थिक क्षेत्र

विश्वव्यापी रुपमा फैलिएको कोभिड - १९ को महामारीले गर्दा आर्थिक क्षेत्र प्रभावित भएको छ। तथापी गाउँपालिकाले जेठ महिनाको मसान्तसम्म रू. ९५,६५,३१२/- आन्तरिक राजश्व संकलन गरी वार्षिक लक्ष्यभन्दा बढी राजश्व संकलन गरेको छ। यस आर्थिक वर्षमा गाउँपालिकाले सातै वडामा कोभिड विशेष कृषि कार्यक्रम सञ्चालनमा ल्याई कोभिडबाट प्रभावित भएका तथा विदेशमा रोजगारी गुमाई स्वेदश फर्किएका व्यक्तिहरुलाई बाख्रा पालन, बाख्रा खोर निर्माण, तरकारी खेती र च्याउ खेतीका लागि अनुदान दिई पुनर्लाभ दिइएको छ। कृषिमा आधुनिकीकरण तथा यान्त्रिकरण गर्न साना कृषि औजार- मिनि ट्रेलर, सिंचाई मोटर, च्याप कटर, कर्नसेलर, प्लास्टि क्यारेट, प्यालेट मेसिन, चार्जेवल स्प्रेयरहरु ५० प्रतिशत अनुदानमा वितरण गरिएको छ। वडा नं. ७ र वडा नं. २ मा तरकारी पकेट कार्यक्रम सञ्चालनमा ल्याइएको छ। कृषि उत्पादनलाई बजारीकरण गर्न वडा नं. २, ३ र ७ मा ४ वटा कृषि उपज संकलन टहरा निर्माण सम्पन्न गरिएको छ। तरकारी उत्पादनमा अनुदान कार्यक्रम अन्तर्गत टमाटरको बिउ वितरण गरिएको छ।

किसान परिचयपत्र जारी गरी कृषि अनुदान कार्यक्रम व्यवस्थापन गर्न किसान सूचीकरण कार्यक्रमको प्रारम्भ गरिएको छ। गाउँपालिकाका सातवटै वडाका विभिन्न स्थानमा पशु चेकजाँच घुम्ति शिविर सञ्चालन गरिएको छ। युवा स्वरोजगारीका लागि बाख्रा खोर निर्माण अनुदान वितरण गरिएको छ। वडा नं. ५, २ र ७ मा बंगुर पालन पकेट कार्यक्रम सञ्चालनमा ल्याइएको छ। घाँसमा आधारित पशुपालनलाई प्रोत्साहन गर्न अनुदानमा डाले घासँ वितरण कार्यक्रम सम्पन्न गरिएको छ। मासु पसल, खाद्य तथा किराना पसलहरूको अनुगमन तथा नियमन गरिएको छ। पशु सेवा केन्द्र तथा शाखाबाट नियमित रूपमा पशु चेकजाँच तथा औषधोपचार सेवा उपलब्ध गराएको छ।

गाउँपालिकाबाट भौतिक पूर्वाधार क्षेत्रमा अलि बढी बजेट केन्द्रीत गरिँदा सिंचाई क्षेत्रमा कम बजेट विनियोजन हुन गई उत्पादन वृद्धिमा लक्ष्य अनुरूपको प्रगति हाँसिल गर्न सकिएको छैन।

## ख) सामाजिक क्षेत्र

शिक्षा क्षेत्रमा हामीले व्यापक सुधार गरेका छौँ। सामुदायिक विद्यालयमा शिक्षक दरबन्दी अभाव पूर्तीको लागि आ.वि., मा.वि. तथा प्राविधिक धारतर्फ क्रमशः ८, १८ र २ गरी २८ जना स्वयंसेवक शिक्षकको व्यवस्था गरेका छौं। प्राविधिक जनशक्ति विकास गर्न २८ जना जेहेन्दार तथा विपन्न छात्रछात्रालाई तीन वर्षे डिप्लोमा तहको कृषि तथा पशु विज्ञान अध्ययन छात्रवृत्तिको व्यवस्था गरेका छौं। यस आ.व. मा ६ वटा विद्यालय भवन निर्माण, ३ वटा वाशसहितको शौचालय निर्माण, २ वटा खेलमैदान निर्माण, ३ वटा आई.सी.टी. ल्याब, ४ वटा विज्ञान प्रयोगशाला तथा २ वटा पुस्तकालयको स्थापना गरिएको छ। कोभिड-१९ ले बालबालिकाको शैक्षिक गतिविधिमा पुर्याएको क्षति न्यूनिकरण गर्न वैकल्पिक शिक्षा र दूरशिक्षा कार्यक्रम सञ्चालन गरिएको छ। राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न गरिएको छ।

पालिकास्तरीय १५ शैंयाको अस्पतालको शिलान्यास गरी निर्माण कार्यको प्रक्रिया अगाडी बढाइएको छ। कोभिड-१९ को रोकथाम तथा नियन्त्रण गर्न निःशुल्क रूपमा कोभिड परीक्षण, नाकामा हेल्थ डेस्क स्थापना, जटिल स्वास्थ्य समस्या भएका कोभिड बिरामीको लागि मेडिकल अधिकृत तथा अक्सिजनसहितको आइसोलेसन केन्द्रको स्थापना गरिएको छ। सहुलियत दरमा एम्बुलेन्स सेवा सञ्चालन गरिएको छ। विपन्न नागरिक उपचार सहायता कोषबाट ५६ भन्दा बढी व्यक्तिका लागि रू. ६,७२,०००/- उपलब्ध गराइएको छ। वडा नं. ३ र ६ मा आधाभूत स्वास्थ्य सेवा केद्र भवन निर्माण गरी सेवा प्रवाह शुरू गरिएको छ। स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रबाट निःशुल्क रूपमा उपलब्ध हुने औषधीहरू बाहै महिना सहज रूपमा उपलब्ध हुने गरी व्यवस्था मिलाइएको छ।

३५ जना महिला र २ जना अपाङ्गता भएका पुरूषहरूका लागि खरिदार पदको लोक सेवा तयारी कक्षा सञ्चालन गरिएको छ। महिला तथा अन्य लक्षित व्यक्ति तथा समूहले सञ्चालन गरेका आयमूलक व्यवसायलाई अनुदान उपलब्ध गराइएको छ। बालकालिका कोषबाट ९ जना बालबालिकालाई शैक्षिक सहायता तथा औषधी उपचार सहायता वापत रू. ९४,०००/- सहायता गरिएको छ भने लैंगिक हिंसा निवारण कोषबाट १ जना हिंसा पिडित महिलालाई रू.३,०००/- उपलब्ध गराएको छ। सातवटै वडामा अपाङ्गता तथा जेष्ठ नागरिक परिचयपत्र वितरण घुम्ति शिविरको सञ्चालन गरिएको छ। विभिन्न स्थानमा आमा समूहहरूको भवन निर्माण कार्य सम्पन्न गरिएको छ।

प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत गाउँपालिकाका सातवटै वडामा रोजगारमूलक सार्वजनिक विकास आयोजना सञ्चालन गरी ४५० जना बेरोजगार व्यक्तिहरूको लागि कुल २३,७१८ दिन (औषतमा प्रतिव्यक्ति ५३ दिन) को रोजगारी प्रदान गरिएको छ। मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम मार्फत ड्राइभिङ, पत्रकारिता र कम्प्यूटर तालिम लगायत अन्य रोजगारमूलक तथा विकासात्मक कार्यक्रम सञ्चालन गरिएको छ।

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत ३,५८९ जना कुल लाभग्राहीहरूको लागि करिब रू. ४,८५,३५,११८/- रकम सामाजिक सुरक्षा भत्ता वापत वितरण गरिएको छ। फुसको छानो विस्थापन गर्न जस्ता पाता वितरण कार्यक्रम सञ्चालनमा ल्याएको छ। नुवागाउँ खानेपानी लगायत विभिन्न स्थानमा खानेपानी योजनाको निर्माण कार्य थालानी भई अधिकांश योजनाको कार्यसम्पन्न गरिएको छ। हालसम्म १०४ वटा बढी मुहान ट्यांकी, ९२ वटा रिजर्भ ट्यांकी निर्माण, २१५ वटा धारा जडान तथा १,४७,७६६ मिटर खानेपानी पाइप विस्तार गरिएको छ।

**ग) पूर्वाधार क्षेत्र**

प्रत्येक वडाका प्रायः सबै गाउँबस्तीमा सडक यातायात पुर्याएका छौँ। भित्री चक्रपथलाई बाह्रै महिना सवारी साधन चल्न सक्ने गरी स्तरोन्नती गरेका छौँ। गाउँपालिकाका जुनसुकै सडक पहिरो वा अन्य कुनै कारणले अवरूद्ध भएमा गाउँपालिकाको ब्याक हो लोडरबाट तत्काल मर्मत गरेका छौँ। गाउँपालिकाको गोरवको आयोजनाका रूपमा रहेका जुगार-तिला, जुगार-सिमपानी-निगालपानी तथा जुगार त्रिवेणी करेटी पहुँच-मार्ग कालोपत्रेको निर्माण कार्य शुरु गरी करिब १.५ कि.मि. भन्दा बढी कालोपत्रे सम्पन्न गरिएको छ। वडा नं. ५ स्थित नेर्पा बजार सडक कालोपत्रे सम्पन्न गरिएको छ। सातवटै वडामा वडास्तरीय तथा कृषि सडकको निर्माण, विस्तार, स्तरोन्नती तथा मर्मत गर्ने कार्य सञ्चालन गरिएको छ। हालसम्म २०० कि.मि. भन्दा बढी सडकको नयाँ ट्रयाक निर्माण तथा ३४० कि.मि. भन्दा सडकको मर्मत कार्य सम्पन्न गरिएको छ।

उर्जामा यथेष्ट बजेट विनियोजन गरी त्रिवेणी उज्यालो कार्यक्रम अन्तर्गत गाउँपालिकाका विभिन्न गाउँबस्तीहरुमा विद्युतीकरणको कार्यलाई व्यापक तिव्रता दिई हालसम्म कुल ८५ प्रतिशत घरधुरीमा विद्युतिकरण सम्पन्न गरिएको छ। वडा नं. ३, ५ र ७ मा वैकल्पिक उर्जा कार्यक्रमबाट सडक बत्तिको विस्तार गरिएको छ।

वडा नं. १, ५ र ७ मा तीनवटा ट्रस पुलको निर्माण सम्पन्न गरी सञ्चालनमा ल्याइएको छ। त्यस्तै वडा नं. २ र ६ मा दुईवटा कल्भर्ट पुल निर्माण सम्पन्न गरिएको छ। बहुउद्देश्यीय कबर्ड हलको टेन्डर स्वीकृत गरी निर्माण कार्यको थालनी गरिएको छ भने प्रशासकीय भवन निर्माणको लागि जग्गा निर्धारण, वातावरणीय प्रभाव परीक्षण, माटो परीक्षण तथा डी.पी.आर्. तयार गरिएको छ। कोशेली घर र रेडक्रसको भवन निर्माण कार्य सम्पन्न गरिएको छ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र**

हालसालै नुवागाउँमा भएको आगलागी, वर्षातको समयमा आएको बाढी पहिरो तथा चट्याङ्ग लगायतका अन्य दुर्घटनाबाट पिडित १३० भन्दा बढी नागरिकहरूलाई रू. २७,२५,०००/- बढीको राहत तथा आर्थिक सहयोग उपलब्ध गराएका छौँ। कोभिड बचावट सामग्री, अक्सिजन तथा औषधीको यथेष्ट व्यवस्था गरिएको छ। विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को महामारीका कारण सिर्जित समस्याका बिचमा स्वास्थ्यकर्मी-कर्मचारी-जनप्रतिनिधिबीच समन्वय स्थापना गरी आइसोलेसन सेन्टरको सञ्चालन, कोभिड-१९ परीक्षणको व्यवस्था मिलाएका छौँ। बाढी पहिरो रोकथाम तथा नियन्त्रणको लागि ग्याबिङ जाली, ह्युम पाइप तथा प्लाष्टिक पाइप वितरण गरिएको छ।

**ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन**

यस आ.व. मा हामीले गाउँपालिकालाई आवश्यक गाउँपालिकाको वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, २०७७, गाउँपालिकाको आर्थिक ऐन, २०७७, गाउँपालिकाको विनियोजन ऐन, २०७६, एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७६, प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७६, नगर प्रहरी सम्बन्धी कार्यविधि, २०७६, बालबालिका कोष परिचालन कार्यविधि, २०७६, उपभोक्ता समिति सञ्चालन निर्देशिका, २०७४ को प्रथम संशोधन लगायतका कानून तथा पुस्तिकाहरू पारित गरी कार्यान्वयनमा ल्याएका छौँ।

न्यायिक समितिको इजलास भवन र हिंसा पिडित महिला तथा बालबालिकाहरूको लागि सेफ हाउस निर्माण सम्पन्न गरिएको छ भने न्यायिक समितिबाट स्थानीयस्तरमा देखिएका विवाद तथा प्राप्त १५ उजुरीमध्ये १० वटा उजुरीको किनारा लगाइएको छ । न्यायिक समितिको सेवा प्रवाह मूल्यांकनको लागि गाउँपालिकामा सामुदायिक अंक पत्र अन्तरसंवाद कार्यक्रम सञ्चालन गरेका छौँ।

यस आ.व. मा बैंकिङ्ग प्रणालीबाट सामाजिक सुरक्षा भत्ताको वितरण, व्यक्तिगत घटना दर्ताको रजिष्टरलाई डिजिटाइजेसन, दुई वटा थप वडाबाट व्यक्तिगत घटना दर्ता अनलाईन प्रक्रियाबाट सञ्चालन जस्ता कार्य गरी प्रविधिमैत्री सार्वजनिक सेवाको अवधारणालाई कार्यान्वयन गरेका छौँ। नागरिकको वरिपरी सेवा पुर्याउन सेवा खोज्दै सरकार जनताको घरदैलोमा नै पुग्नुपर्छ भन्ने सार्वजनिक सेवा विकेन्द्रिकरणको अवधारणा अनुरूप घुम्ति शिविरहरूको सञ्चालन गरिएको छ।

**गाउँसभाका उपाध्यक्ष तथा सम्पूर्ण सदस्यज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु-

<u>कृषि विकास सम्बन्धी</u>

- कृषिको पहिचान, कृषिमा स्वाभिमानको नीति अनुरुप कृषि पेशालाई सम्मानित, मर्यादित, टिकाउ र व्यवसायिक बनाउने रणनीति लिइनेछ । रणनीति कार्यान्वयन गर्न उत्पादनमा आधारित अनुदान, प्रोत्साहन तथा लागत साझेदारी कार्यक्रम सञ्चालन गर्ने कार्यनीति अवलम्बन गरिनेछ । कृषि उत्पादनको उचित बजार मुल्य निर्धारण गर्ने व्यवस्था मिलाइनेछ ।
- कृषि अनुदानलाई व्यवस्थित र प्रभावकारी बनाउन कृषकहरुको विद्युतीय माध्यमबाट तथ्यांक संकलन गरी कृषकहरुको वर्गिकरण तथा सूचीकरण गरी किसान परिचय-पत्र दिइनेछ र नियमित रुपमा कृषि तथ्यांक अद्यावधिक गरिनेछ ।
- एक वडा एक कृषि प्राविधिक (ओ.भि.ओ.टी.) कार्यक्रमलाई व्यवस्थित बनाउन कार्यविधि निर्माण गरी कृषि विकास तथा पशु सेवातर्फका प्राविधिकहरुबाट कृषकको कार्यस्थलमै आवश्यक सेवा दिन **कृषकसँग कृषि प्राविधिक कार्यक्रम** सञ्चालन गरिनेछ ।
- वैदेशिक रोजगारीबाट फर्किएका युवाहरुलाई कृषि पेशामा आकर्षित गर्न तथा कोभिड-१९ प्रभावित कृषकहरुको पुनर्लाभ दिन विशेष कृषि कार्यक्रमहरुको सञ्चालन गरिनेछ ।
- नियमित हाट बजार सञ्चालन तथा तरकारी संकलन केन्द्र निर्माणको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । उत्पादित कृषि उपजहरुको बजारीकरणको लागि कृषि उपज संकलन केन्द्र र कृषकहरुलाई अनुदानमा प्लाष्टिक क्यारेट वितरण गरिनेछ । हाटबजार केन्द्रमा गाउँपालिकाबाट डिजिटल काँटाको व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकालाई कृषि उत्पादनमा आत्मनिर्भर बनाउदै निर्यातमुखी कृषि उत्पादनमा जोड दिन तुलनात्मक लाभका क्षेत्रहरुको पहिचान गरी रणनीतिक कृषि प्रणालीको विकास गरिनेछ । सातवटै वडामा हावापानी सुहाउँदो मौसमी, बेमौसमी तरकारी तथा च्याउ खेती लागि अनुदान कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । कृषि क्षेत्रलाई बिचौलिया मुक्त राख्ने नीतिको अवलम्बन गरिनेछ ।
- पशुपंक्षी पालनमा व्यवसायीकरण ल्याउनका लागी स्थानीयस्तरमा घाँस तथा दाना उत्पादन गर्न प्रोत्साहन गरिनेछ । उक्त कार्यका लागि गाउँपालिकाबाट वर्षिम, जै, भुईं तथा डाले घाँस लगायतका उन्नत जातका हिउँदे, वर्षे, तथा बहुवर्षीय घाँसको बिउ वितरण गरिनेछ ।
- गाउँपालिकामा खाद्यान्न उत्पादनको ठूलो हिस्सा ओगट्ने धान तथा मकै खेतिलाई थप व्यवसायिक बनाउन अनुदान साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ । यस क्षेत्रको विशेष महत्व र पहिचान बोकेको जुगार र बुढागाउँमा खेती हुने जुगारी चामलको उत्पादन प्रवर्द्धन तथा प्रचारप्रसारको लागि **जुगारी धान, त्रिवेणीको पहिचान** कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- गाउँपालिकालाई अण्डा, मासु र माछा उत्पादनमा आत्मनिर्भर बनाउन कुखुरापालन, बगुंरपालन, बाखापालन तथा मत्स्यपालन व्यवसाय प्रवर्द्धन गर्न अनुदान उपलब्ध गराई बजारीकरणको लागि समेत आवश्यक व्यवस्था मिलाइनेछ ।

- कृषि क्षेत्रमा आधुनिकीकरण र यान्त्रिकरणलाई थप प्रोत्साहन दिइनेछ । मिनि ट्रेलर, पावर स्पेयर जस्ता आधुनिक कृषि औजारहरुमा अनुदानको व्यवस्था गरिनेछ ।
- खेतीयोग्य जमिनको खण्डीकरण तथा अनधिकृत प्लटिङलाई निरुत्साहित र निषेध गर्दै प्रचलित कानून बमोजिम गर्न, गराउन व्यवस्था मिलाइनेछ ।
- व्यक्तिगत, सहकारी तथा सामुहिक साझेदारीमा कुखुरा, बाखा, बंगुर, भैंसी, मौरी, हाँस, तथा माछा लगायतको पालनका लागि विशेष व्यवस्था गरी रोजगारी श्रृजना गर्ने तथा निर्वाहमुखी पद्धतिलाई स्तरोन्नती गरी अर्थोपार्जन तर्फ उन्मुख गराइने अभियान सञ्चालन गरिनेछ ।
- तरकारी तथा खाद्य उत्पादनमा विषादीको प्रयोग गर्दा प्रयोग गरिने सुरक्षात्मक पहिरन (एप्रोन) वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । रासायनिक विषादीको प्रयोगलाई निरुत्साहित गर्दै जैविक उपचार विधि, जैविक मल निर्माण तथा अर्गानिक खेति पद्धतिको विकासका लागि कृषकहरुलाई तालिम तथा अन्य आवश्यक व्यवस्था मिलाइनेछ ।
- सबै कृषकहरुलाई समूहमा आवद्ध हुन प्रेरित गरिनेछ । समूहको दर्ता र नविकरण प्रक्रियालाई थप सहज र व्यवस्थित बनाइनेछ ।
- गाउँपालिकास्थित पशु सेवा केन्द्र तथा वडामा कार्यरत कृषि विकास तथा पशु सेवाका कर्मचारीहरुबाट बाह्रै महिना पशु स्वास्थ्यसँग सम्बन्धित औषधीहरु कृषकहरुले खोजेकै समयमा उपलब्ध गराउन सकिने गरी औषधी खरिद तथा भण्डार गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
- प्रत्येक घरधुरीले आफ्नो जग्गाभित्र अनिवार्य रुपमा कम्तिमा बीसवटा फलफूलका बिरुवा रोप्नुपर्नेछ । व्यवसायिक कृषकहरुले प्रत्येक वर्ष थप बीसवटा सदावहार डालेघाँसका विरुवा रोप्नुपर्नेछ । नर्सरी व्यवस्थापनको लागि गाउँपालिकाले सहयोग उपलब्ध गराउनेछ ।
- कृषि उत्पादनको स्वच्छता तथा गुणस्तर कायम राख्न आवधिक रुपमा बजार तथा बिक्री केन्द्रको अनुगमन र नियमनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सातवटै वडाका विभिन्न टोलबस्तीमा पशु तथा पशुजन्य रोगबाट हुने क्षति न्यूनिकरणका लागि आवधिक रुपमा पशुपंक्षी स्वास्थ्य चेकजाँच तथा उपचार घुम्ति शिविर तथा खोप कार्यक्रम सञ्चालन गरिनेछ ।
- नेपाल सरकारको तीन खम्बे नीति अनुसार सहकारी संस्थाहरुसँग सहकार्य गरी कृषि क्षेत्रको उत्थान तथा कृषकको जीवनस्तरमा सुधार ल्याइनेछ । गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउन नश्ल सुधार कार्यक्रम तथा घाँसमा आधारित पशु पालन कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- **आफ्नो उत्पादन, आफ्नै उपयोग** कार्यक्रम मार्फत् आन्तरिक उत्पादनलाई बढवा दिई आयात घटाउने नीतिको अवलम्बन गरिनेछ ।
- बेरोजगार युवाहरुलाई **ग्रामीण उद्यम विकास** सहजकर्ताद्वारा समूह निर्माण गरी व्यवसाय सञ्चालन सीप क्षमता विकास तालिम दिने, व्यवसाय सञ्चालन वस्तुगत तथा प्राविधिक सहायता प्रदान गर्ने तथा व्यवसायको स्तरीकरण गरी प्रतिष्पर्धात्मक वस्तुहरुको व्यवसायिक उत्पादन र बजारीकरण गरिनेछ ।

शिक्षा तथा खेलकूद सम्बन्धी

- कोभिड-१९ को महामारीका कारण विद्यालय बन्द भई बालबालिकाले व्यहोर्नु परेको शैक्षिक तथा मनावैज्ञानिक क्षतीलाई पूर्ती गर्न वैकल्पिक विधिबाट पठनपाठन तथा शैक्षिक क्रियाकलाप सञ्चालनका लागि आवश्यक बजेट तथा अन्य प्राविधिक पक्षको व्यवस्थापन गरी **वैकल्पिक शिक्षा कार्यक्रम** सञ्चालन गरिनेछ ।
- गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा भएको शिक्षक दरबन्दीको अभावलाई परिपूर्ती गर्न आ.वि., मा.वि. तथा प्राविधिक शिक्षालयहरुका लागि **चिनौं आफ्नो माटो, बनाऔं आफ्नै गाउँ अभियान** मार्फत् कम्तिमा २६ जना शैक्षिक बेरोजगार युवाहरुलाई **स्वयंसेवक शिक्षक**को रुपमा खटाइनेछ । माध्यमिक विद्यायल नर्सिङ कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका जेहेन्दार तथा विपन्न परिवारका छात्रछात्राहरुको प्राविधिक शिक्षामा पहुँच वृद्धि गर्न पालिकास्थित कृषि तथा पशु विज्ञानतर्फ तीनवर्षे **प्राविधिक शिक्षा अध्ययन छात्रवृति** उपलब्ध गराउनका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विद्यालयको जग्गा जमिन तथा भौतिक सम्पतिको सुरक्षाका लागि विद्यालय घेराबार निर्माण गर्न बाँकी रहेका सम्पूर्ण **विद्यालयहरुको लागि घेराबार तथा तारबार** कार्य सम्पन्न गर्न आवश्यक बजेटको व्यवस्था मिलाइनेछ ।
- बालबालिकाहरुको शिक्षामा पहुँच सुनिश्चित गर्न तथा निःशुल्क शिक्षाको हकलाई कार्यान्वयन गर्न **निःशुल्क पाठ्यपुस्तक**को व्यवस्था गरिनेछ ।
- युनिसेफसँगको सहकार्यमा सबै सामुदायिक विद्यालयमा **बृहत् विद्यालय सुरक्षा कार्यक्रम** लागु गरिनेछ । सहकार्यमै गाउँपालिकास्तरीय **बाल विकास समिति गठन** तथा प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्मका बालबालिकाहरुको लागि **स्वाध्ययन सामग्री**को समेत व्यवस्था मिलाइनेछ ।
- सामुदायिक विद्यालयहरु कार्यरत बालविकास सहजकर्ता, विद्यालय सहायक तथा कार्यालय सहयोगीहरुको **तलब** गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको एक मात्र स्नातक तह अध्यापन हुने नव नेपाल क्याम्पसलाई बहुमुखी क्याम्पसको रुपमा स्तरोन्नती गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण, दक्ष जनशक्ति व्यवस्थापन तथा समयानुकुल शैक्षिक प्राज्ञिक वातावरणको निर्माणमा विशेष जोड दिइनेछ ।
- प्रारम्भिक कक्षा पढाई शिक्षणमा सुधार गर्न गाउँपालिकाका प्रारम्भिक बाल विकासदेखि कक्षा ३ सम्मका सहजकर्ता तथा शिक्षकका लागि **मन्टेश्वरी तालिम** सञ्चालन गरिनुका साथै कक्षा व्यवस्थापन क्रियाकलापहरुको चरणवद्ध रुपमा विस्तार गरिनेछ ।
- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) कार्यक्रमलाई प्रभावकारी रुपमा प्रयोगमा ल्याउन तथा शैक्षिक सूचना व्यवस्थापन गर्नका लागि EMIS सम्बन्धी काम गर्ने शिक्षक तथा कर्मचारीहरुलाई **क्षमता विकास तालिम**को सञ्चालन गरिनेछ ।
- सबै विद्यालयहरुमा जेन्डर फोकल पर्सनको व्यवस्था, सुझाव पेटिको स्थापना, उजुरी तथा गुनासो सुनुवाईको व्यवस्था मिलाई **विद्यालय सुशासनका औजार**हरुलाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।

- खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनसँग जोड्दै गाउँपालिकामा खेलकुदको विकास र प्रवर्द्धन गर्न तथा बालबालिका र युवाहरुमा खेल क्षमताको विकास गर्न त्रिवेणी प्रतिभा पहिचान कार्यक्रम अन्तर्गत विविध खेलकुद प्रतियोगिताको आयोजना गरिनेछ ।
- अन्तरङ्ग खेलकुद तथा शारीरिक तन्दुरुस्ती प्रवर्द्धनको लागि चालु आ.व. मा निर्माण कार्य थालिएको **कबर्ड हलको निर्माण** कार्यलाई आवश्यक बजेटको व्यवस्था गरी पूर्णता दिइनेछ ।
- माध्यमिक विद्यालयहरुमा स्काउट तालिम सञ्चालन तथा प्रशिक्षकको व्यवस्था गर्ने नीतिको अवलम्वन गरिनेछ ।
- गाउँपालिकास्थित समुदायिक विद्यालयहरु मध्येबाट एस्.ई.ई. मा सबैभन्दा बढी जी.पी.ए. ल्याउने एक जना छात्र र एक जना छात्रालाई उच्च शिक्षा अध्ययनका लागि **उच्च शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम** सञ्चालन गराइनेछ ।
- गाउँपालिकाका बालकालिकाहरुको शैक्षिक विकास अन्तर्गत शिक्षा क्षेत्रसँग सम्बन्धित कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी **एकिकृत कार्यक्रम** सञ्चालन गरिनेछ ।
- कक्षा १ देखी ३ सम्मका सबै बालबालिकाको व्यक्तिगत तथा शैक्षिक विवरण उल्लेख गरी विद्यार्थी सिकाई व्यवस्थापन (मूल्यांकन) गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- बहुक्षेत्रीय प्रारम्भिक बाल विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक रणनीति निर्माण गरिनेछ ।
- सार्वजनिक विद्यालयहरुलाई गुणस्तरीय र जीवनोपयोगी शिक्षाको केन्द्र बनाउन विद्यालय तथा शिक्षण संस्थाहरुको नक्साङ्कन गरी भौगोलिक दुरी र न्यूनतम् विद्यार्थी संख्याको आधारमा समायोजन गरिनेछ । आवधिक रुपमा शिक्षक दरबन्दी मिलान गरिनेछ ।
- सामुदायिक विद्यालयहरुलाई प्राविधिक तथा व्यावसायिक शिक्षालयका रुपमा विकास गर्ने नीति लिइनेछ । साथै विद्यालय शैक्षिक गुणस्तर अभिवृद्धि गर्न तथा समयानुकुल बनाउन शिक्षकको क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ ।
- शत प्रतिशत भर्ना अभियान मार्फत् भर्ना भएका विद्यार्थीहरु टिकाउनका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ । घोषणा हुन बाँकी वडाहरुलाई आवश्यक प्रक्रिया पुर्‍याई यसै वर्ष शतप्रतिशत विद्यालय भर्ना वडा घोषणा गरिनेछ ।
- विद्यालय बाहिर रहेका बालबालिकाको लागि वैकल्पिक शिक्षाका माध्यमबाट शिक्षामा पहुँच स्थापित गर्न खुला तथा वैकल्पिक शिक्षा कार्यक्रमलाई सञ्चालन तथा प्रवर्द्धन गरिनेछ ।
- नमुना विद्यालयको रुपमा स्वीकृत भएका जनजागृति मा.वि. को शैक्षिक पूर्वाधारलाई सुदृढिकरण गर्न शैक्षिक गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- **गाउँ शिक्षा आवधिक योजना**लाई अद्यावधिक गरी प्रकाशन तथा कार्यान्वयनमा ल्याइनेछ ।
- **शैक्षिक क्यालेण्डर**को निर्माण गरी शैक्षिक कृयाकलाप तथा अतिरिक्त कृयाकलापलाई व्यवस्थित र प्रतिपर्ध्दी बनाइनेछ ।
- प्रत्येक सामुदायिक विद्यालयका कक्षा १ देखि ५ सम्मका विद्यार्थीहरुका लागि सञ्चालित दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै उक्त कार्यक्रमलाई थप व्यवस्थित बनाउन विद्यालय हाताभित्र खाजाघर (क्यान्टिन) निर्माण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

- किशोरावस्थाका छात्रछात्राहरुको स्वास्थ्य, पोषण, सरसफाई लगायतका विषयहरुलाई उच्च प्राथमिकतामा राख्दै विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिकाका माध्यमिक तथा आधारभूत विद्यालयहरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा आई.सी.टी. ल्याब स्थापना कार्यक्रमलाई क्रमशः विस्तार गर्दै लैजाने नीतिको अवलम्वन गरिनेछ ।
- विद्यालयको भौतिक पूर्वाधारलाई सुदृढ गर्दै लैजानुका साथै शौचालय र स्वच्छ खानेपानीको व्यवस्थालाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।
- गाउँपालिकाभित्र सञ्चालित विद्यालयहरु एक आपसमा समायोजन वा तह घटुवा भएमा त्यस्ता विद्यालयहरुलाई गाउँपालिकाबाट प्रोत्साहन अनुदान रकमको व्यवस्था गर्ने नीतिको अवलम्वन गरिनेछ ।
- बेरोजगार युवाहरुलाई स्वरोजगार बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

स्वास्थ्य तथा जनसंख्या सम्बन्धी

- हाल देखिएको कोभिड-१९ को महामारीसँग प्रतिकार्य क्रियाकलाप सञ्चालन गर्न तथा संभावित आउँदो लहरको पूर्वतयारी स्वरुप स्वास्थ्य पूर्वाधार सुदृढिकरण गर्न, आइसोलेसन कक्ष तथा स्वास्थ्य जनशक्ति व्यवस्थापन गर्न, औषधी, स्वास्थ्य सुरक्षा सामग्री तथा बन्दोबस्तीका सामग्रीको प्रयाप्त प्रबन्ध गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- अग्रपंतिमा खटिने, स्वास्थ्यकर्मी, कर्मचारी, सुरक्षाकर्मीहरुको लागि कोभिड-१९सुरक्षा सामग्रीको व्यवस्थापन गर्न तथा उच्च मनोबलका साथ स्वास्थ्य सेवा प्रवाहको कार्यमा खटिनका लागि प्रोत्साहन गर्न जोखिम भत्ताको व्यवस्था गरिनेछ ।
- **स्वस्थ जनता, सुखी त्रिवेणीबासी** भन्ने मुलमन्त्रका साथ स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रमा निःशुल्क पाइने भनी नेपाल सरकारबाट घोषणा गरिएका औषधी तथा स्वास्थ्य उपकरणहरु सातवटै वडाबाट नियमित, सहज र पर्याप्त रुपमा उपलब्ध हुने गरी खरिद, वितरण तथा भण्डारको प्रभावकारी व्यवस्था मिलाइनेछ ।
- निर्माण कार्यको प्रारम्भ गरिएको पालिकास्तरीय १५ शैयाको अस्पतालको निर्माण कार्यलाई तिव्रता दिइनेछ । साथै नुवागाउँ स्वास्थ्य चौकीलाई ५ शैयाको अस्पतालमा स्तरोन्नती गरिनेछ । सबै स्वास्थ्य चौकी तथा आधारभूत सेवा केन्द्रको पूर्वाधार तथा उपलब्ध हुने आधारभूत स्वास्थ्य सेवालाई सुदृढीकरण गरिनेछ । एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाइनेछ ।
- गाउँपालिकामा स्थापना गरिएको विपन्न नागरिक उपचार तथा आर्थिक सहायता कोषका लागि आवश्यक रकमको व्यवस्था गरी विपन्न तथा असहाय त्रिवेणीबासी नागरिकहरुको उपचार, उद्धार तथा पुनःस्थापनामा कुनै कमी आउने दिइनेछैन ।
- स्वास्थ्य सम्बन्धी सचेतना अभिवृद्धि लगायतका कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आइरहेका महिला स्वयंसेविकाहरुको मनोबल बढाउन तथा प्रोत्साहन गर्न यातायात

सुविधाको व्यवस्था गर्न तथा झोला, छाता लगायतका सहायता सामग्री उपलब्ध गराउन आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- सार्वजनिक सेवामा विकेन्द्रीकरणको आवधारणालाई आत्मसाथ गर्दै जनताको घरदैलोमै सेवा पुऱ्याउन आवधिक रुपमा घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।
- खेलकुद, योगा, ध्यान, स्वस्थ आहारविहार लगायतका उपायहरुको अवलम्बन गरी स्वस्थ र निरोगी गाउँपालिका निर्माणको लागि विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ । तीला आयुर्वेद केन्द्रलाई व्यस्थित गरिनेछ ।
- सबै स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुबाट प्रदान गरिदै आएको प्रसुती सेवालाई थप प्रभाकारी बनाइनेछ । शुन्य होम डेलिभरी कार्यक्रमलाई प्राथमिकताका साथ सञ्चालन गरिनेछ ।
- टोलबस्तीहरुमा सञ्चालन भैरहेका खोप तथा गाउँघर क्लिनिक सेवालाई प्रभावकारी बनाउनका लागि नयाँ गाउँघर क्लिनिक भवन निर्माण गर्न तथा पुराना भवनको मर्मतको आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुको स्वास्थ्य सूचना व्यवस्थापन प्रणाली (एच्.एम्.आई.एस्.) लाई थप सुदृढीकरण तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न तिव्र गतिको इन्टरनेट जडानको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य संस्था तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुको प्रशासनिक कार्यसञ्चालनलाई चुस्तदुरुस्त र अध्यावधिक गर्नको लागि प्रशासनिक खर्चको व्यवस्था गरिनेछ ।
- सबै नागरिकलाई स्वास्थ्य बिमा कार्यक्रमको पहुँचमा ल्याइनेछ ।
- विद्यालयमा अध्ययनरत छात्राहरुलाई निःशुल्क स्यानिटरी प्याड वितरण गरी विद्यालय आउने दर वृद्धि गरिनेछ ।
- सञ्चालनमा रहेका ल्याबहरुको सुदृढीकरण गरी सातवटै वडामा ल्याव सेवाको विस्तार गरिनेछ ।
- खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका कार्यक्रम अभियानका रुपमा सञ्चालन गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवामा जनताको पहुँच नियमित गर्न स्वास्थ्य चौकीमा पर्याप्त औषधी र स्वास्थ्य उपकरणको व्यवस्था गरिनेछ ।
- असाध्य रोग, दीर्घ रोग, सरुवा रोग तथा जनस्वास्थ्यसँग सम्बन्धित विशेषज्ञसहितको स्वास्थ्य शिविरका कार्यक्रम विभिन्न स्थान र समयमा सञ्चालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्ति र जेष्ठ नागरिकहरुलाई घरदैलोमै स्वास्थ्य सेवा पुऱ्याइने व्यवस्था मिलाइनेछ ।
- गर्भवती महिलाहरुका लागि घरदैलोमै आवश्यक परामर्शसहितको स्वास्थ्य सेवा पुऱ्याइने व्यवस्था मिलाइनेछ ।
- नियमित रुपमा स्वास्थ्य जाँच गराई स्वास्थ्यकर्मीको निगरानीमा प्रसुती गराउने आमाहरुलाई प्रोत्साहनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

- गाउँपालिकामै रेबिज विरुद्धको खोपको व्यवस्था गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- किशोरकिशोरीहरुलाई लक्षित गरी लागु औषध दूर्व्यसनी तथा यौनजन्य हिंसा निरुत्साहित गर्ने सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिई सञ्चालन गरिनेछ ।

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी

- महिला, जनजाती, दलित, अपाङ्गता भएका, अल्पसंख्यक, सिमान्तकृत वर्ग तथा अति विपन्न खस आर्यहरुलाई आयमूलक व्यवसाय सञ्चालन गर्न कार्यविधि निर्माण गरी बैंकसँग सम्झौता मार्फत **सहुलियत कर्जा कार्यक्रम** सञ्चालन गरिनेछ ।
- गाउँपालिकाको सामाजिक-आर्थिक विकासका लागि महिलाहरुको संस्थागत विकास आवश्यक भएकोले **वडा तथा पालिकास्तरीय महिला सञ्जाल**को गठन गरिनेछ भने महिला सहकारी संस्था, आमा समूह र महिला समूह, समितिहरुको लागि छुट्टै भवनहरु निर्माण तथा पुराना भवनको मर्मत संभार गर्ने नीतिको अवलम्वन गरिनेछ ।
- लक्षित वर्ग तथा समुदायका व्यक्तिहरुको हकहित संरक्षण तथा अधिकारको सुनिश्चितताका लागि **विशेष कल्याणकारी कार्यक्रमको सञ्चालन** गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- समाजमा विद्यमान विकृति, विसङ्गती र लैङ्गिक हिंसा रोकथाम तथा नियन्त्रण गर्न महिला सहकारी संस्था, आमा समूह र महिला समूह, समितिहरुको क्षमता वृद्धि गर्न **अभिमुखिकरण कार्यक्रम सञ्चालन** गरिनेछ । महिला सहकारी संस्थाहरुका लागि लेखा व्यवस्थापन तालिम तथा प्रविधि सहायता कार्यक्रम सञ्चालन गरिनेछ ।
- बालविवाह, लैङ्गिक हिंसा, महिला हिंसा, घरेलु हिंसा, बहुविवाह, बाल श्रम, छुवाछुत, मानव बेचबिखन तथा ओसारपसार बोक्साबोक्सी लगायतका सबै किसिमका भेदभाव विरुद्धका विभिन्न दिवसहरु भव्यताका साथ मनाउने तथा सचेतना अभिवृद्धिका लागि सरोकारवालाहरुसँग समन्वय गरी अभियानका रुपमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गाउँपालिकालाई बालश्रम तथा छुवाछुत मुक्त गाउँपालिका घोषणा गर्न अभियानका साथ कार्यक्रम सञ्चालन गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरु पहिचान गरी परिचय-पत्र वितरण गर्न सातवटै वडामा अपाङ्गता परिचय-वितरण शिविर सञ्चालन गरिनेछ ।
- विशेष अवस्थाका अपाङ्गता भएका व्यक्तिहरुको सुरक्षा, सम्मान र पहिचानमा विशेष जोड दिँदै घरमै पुगेर अपाङ्गता परिचय-पत्र दिने व्यवस्था मिलाइनेछ । यसरी पहिचान गरिएका अपाङ्गता भएका व्यक्तिहरुलाई निजहरुको आवश्यकता अनुसारका अपाङ्गता सहायक सामग्रीहरु निःशुल्क रुपमा वितरण गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिक पहिचान गरी जेष्ठ नागरिक परिचय-पत्र वितरण गर्न सातवटै वडामा जेष्ठ नागरिक परिचय-पत्र वितरण शिविरको सञ्चालन गरिनेछ । यसरी पहिचान गरी

परिचय-पत्र वितरण गरिएका जेष्ठ नागरिकहरुले प्राप्त गर्ने विभिन्न **सहुलियत तथा छुट सुविधा पूर्ण रुपमा कार्यान्वयन** हुनको लागि निरन्तर पैरवी गरिनेछ ।

- लैङ्गिक हिंसा पिडित महिला तथा बालबालिकाहरुलाई तत्काल उद्धार गरी अल्पकालिन रुपमा सेफ हाउसमा राख्ने व्यवस्था मिलाइनेछ । लैंङ्गिक हिंसा पिडित महिला तथा बालिबालिकाको तत्काल उद्धार, राहत, स्वास्थ्योपचार, मनोविमर्श सहायता तथा कानुनी उपचार सहायताका लागि स्थापना गरिएको लैंगिक हिंसा निवारण कोष बजेट थप गरी अझ सुदृढ गरिनेछ ।
- आर्थिक अभावका कारण पठनपाठनलाई निरन्तरता दिन वा स्वास्थ्योपचारमा समस्या भोगिरहेका बालबालिकाहरुलाई तत्काल शैक्षिक तथा स्वास्थ्य सहायता उपलब्ध गराउन स्थापना गरिएको बालबालिका अक्षय कोषमा आवश्यक बजेट विनियोजन गरी **बालबालिकासँग गाउँपालिका** कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय र समुदायमा आधारित पदावधि सकिएका तथा निस्कृय रहेका बालक्लब, वडास्तरीय बालक्लब सञ्जाल तथा पालिकास्तरीय बालक्लब सञ्जालको प्रजातान्त्रिक पद्धतिबाट नयाँ कार्यसमितिको चयन गरी बालबालिकाको हक र अधिकारको संरक्षणको पैरवी गर्ने तथा कर्तव्यबोधको क्षमतामा थप निखारता ल्याउन बालबालिकाहरुका लागि अभिमुखिकरण कार्यक्रमको सञ्चालन गरिनेछ ।
- आवश्यक बजेट विनियोजन गरी वडास्थित वडा बाल अधिकार समिति तथा गाउँपालिकास्थित स्थानीय बाल अधिकार समितिको बैठकलाई नियमित गरी समिति गठनका निर्दिष्ट उद्देश्य प्राप्तिको लागि क्रियाशिलता प्रदान गरिनेछ ।
- महिला सहकारी, आमा तथा महिला समूह, समिति र विद्यालय तथा समुदायस्थित बालक्लब, वडा तथा गाउँपालिकास्थित बालक्लब सञ्जालहरुको अनुगमन तथा तिनिहरुको गतिविधिहरुको मूल्यांकन गरी पृष्ठपोषण दिने साथै सकारात्मक दिशामा समाज परिवर्तनको संवाहकका रुपमा विकास गरिनेछ ।
- अन्तर-पुस्ता ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्न तथा ज्येष्ठ नागरिक अन्तरक्रियाको अवसर श्रीर्जना गर्न तथा जेष्ठ नागरिकको आत्मसम्मान अभिवृद्धि गर्न **जेष्ठ नगरिक सम्मान कार्यक्रम** सञ्चालन गरिनेछ । गाउँपालिकास्तरीय जेष्ठ नागरिक गृह निर्माणको लागि पहल गरिनेछ ।
- गाउँपालिकाबाट पालिकाभित्र सरकारी, गैरसरकारी तथा नीजि क्षेत्रका भौतिक संरचनाहरु निर्माण गर्दा लैङ्गिकमैत्री, अपाङ्गमैत्री तथा बालमैत्री ढाँचामा निर्माण गर्न अनिवार्य गर्दै अन्यथा भएका नक्सा स्वीकृत नगर्ने व्यवस्था लागू गरिनेछ ।
- ईटाभट्टा तथा अन्य उद्योगमा जोखिमयुक्त काममा लागेका बालबालिका तथा त्यहाँ कार्यरत मजदुरका छोराछोरीहरुलाई शिक्षाको उचित पहुँच प्रदान गर्न सो सम्बन्धी कार्य गर्ने संघसंस्थाहरुसँग समन्वय गरी **औपचारिक तथा अनौपचारिक शैक्षिक कार्यक्रम** सञ्चालन गरिनेछ । हिंसापिडित बालबालिकाहरुलाई निःशुल्क अध्ययनको व्यवस्था मिलाइनेछ ।
- सबै सरकारी तथा गैरसरकारी कार्यालयको सेवा प्रवाहलाई बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता तथा महिलामैत्री बनाइनेछ ।

- बालबालिकासँग सम्बन्धित दिवसमा विभिन्न रचनात्मक तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्न वडा तथा पालिकास्तरीय बाल सञ्जालहरुलाई आवश्यक रकमको व्यवस्था मिलाइनेछ ।
- अपाङ्गता परिचय-पत्र वितरण समन्वय समितिलाई अझ बढी प्रभावकारी र चुस्त रुपमा परिचालन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सबै बालक्लबहरुको बैठक व्यवस्थापन तथा स्टेसनरी खर्च व्यवस्थापनको लागि आवश्यक बजेट वा सामग्री सहायता गर्ने व्यवस्था मिलाइनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अन्य विशेष व्यवस्थाको आवश्यकता भएका व्यक्तिहरुको तथ्याङ्क संकलन गरी विवरण अद्यावधिक गरिनेछ ।
- महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अन्य विशेष व्यवस्थाको आवश्यकता भएका व्यक्तिहरुको हकहित तथा संरक्षणमा कार्य गर्ने सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरी प्रवर्द्धनात्मक तथा संरक्षणात्मक कार्यहरु सञ्चालन गरिनेछ । गाउँपालिकास्तरीय बाल गृह निर्माणको लागि पहल गरिनेछ ।
- महिला पुरुषको समविकासका लागि विशेष कार्यक्रमको व्यवस्था गरिनेछ ।

<u>खानेपानी तथा सरसफाई, सडक तथा भौतिक योजना र पूर्वाधार विकास सम्बन्धी</u>

- आगामी वर्षमा गौरवका आयोजनाहरुतर्फ जुगार-निगालपानी सडकको लिङदुङ-झेबाङ खण्ड, जुगार-तिला सडकको वडा नं. ७ को धारखोला-घट्टबोट खण्ड **कालोपत्रे** सम्पन्न गरिनेछ । साथै उल्लेखित सडकको बाँकी खण्डलाई मर्मत गरिनेछ ।
- **मुहानदेखि मुखसम्म स्वच्छ पानी**को अवधारणा अनुरुप सर्वसाधारणका लागि शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन एक घर एक धारा कार्यक्रमलाई उच्च प्राथमिकता दिई अभियानका साथ कार्यान्वियन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- बाहिरी तथा भित्रि चक्रपथ, पहुँच मार्ग सडक, वडास्तरीय सडक तथा कृषि सडकहरुको **विस्तार, स्तरोन्नति तथा आवश्यकता अनुसार मर्मत** गर्न बजेटको व्यवस्था गरिनेछ ।
- नयाँ ट्र्याक खोल्न, सडकको स्तरोन्नती गर्न र भित्री तथा बाहिरी चक्रपथ सहितका मूलसडक साथै कृषि सडक सञ्जालको विकास गर्न **दीगो र वातावरणमैत्री प्रविधि**को उपयोगलाई अनिवार्य गर्ने नीतिको अवलम्वन गरिनेछ ।
- सार्वजनिक निर्माण कार्यको ठेक्का लिई समयमा कार्यसम्पन्न नगर्ने तथा गुणस्तहीन कार्य गर्ने निर्माण व्यवसायीहरुलाई कारबाहीको दायरामा ल्याई कालोसूचीमा राखिनेछ । अस्तव्यस्त ढंगबाट असारमा मात्र विकास निर्माण गर्ने प्रवृतिलाई निरुत्साहित गरिनेछ ।
- उपभोक्ता समितिहरुलाई जिम्मेवार बनाउन तथा साना सामुदायिक आयोजनाको उपभोक्ता समितिबाटै मर्मतसंभारको लागि प्रोत्साहन गर्न विशेष कार्यक्रमको सञ्चालन गरिनेछ । उपभोक्ता समितिबाट सम्पन्न गरिएका आयोजनाको संरक्षणको लागि मर्मत संभार कोषको स्थापना गरिनेछ ।
- उपभोक्ता समितिमा महिला सहभागिता अभिवृद्धि गर्दै लैजाने नीतिको अवलम्बन गरिनेछ ।

विद्युत र उर्जा सम्बन्धी

- विद्युतिकरण हुन बाँकी रहेका यस गाउँपालिका विभिन्न वडाका **करिब ५०० घरधुरी**मा विद्युत विस्तार गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ । विद्युत पुऱ्याउन नसकिएका स्थानमा वैकल्पिक विधिबाट विद्युत व्यवस्था गरिनेछ । गाउँपालिकाको गौरवको आयोजनाको रुपमा सञ्चालनमा रहेको **त्रिवेणी उज्यालो कार्यक्रम**लाई यसै वर्ष सफलतापूर्वक सम्पन्न भएको घोषणा गरिनेछ ।
- आगामी वर्षभित्र गाउँपालिकाका सम्पूर्ण घरघरमा विद्युत विस्तार गर्न विद्युत प्राधिकरणसँग समेत समन्वय, सहकार्य र साझेदारी गरिनेछ ।
- अनविकरणीय उर्जाका स्रोतहरु माथिको निर्भरतालाई न्यूनिकरण गर्दै **वैकल्पिक उर्जाको विकास र उपयोग**मा वृद्धि गर्ने नीति अवलम्बन गरिनेछ ।

बस्ती विकास, शहरी योजना र भवन निर्माण सम्बन्धी

- भवन निर्माणमा गरिने लगानीलाई दीर्घायु र सुरक्षित बनाई सुन्दर गाउँ तथा सहरको निर्माण गर्न बस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मार्गदर्शन, २०७२ बमोजिम गाउँपालिकाबाट **भवन निर्माण मापदण्ड** तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- सुरक्षित आवास निर्माण कार्यक्रम मार्फत् फुसको छानो विस्थापन गर्न गाउँपालिकाका कम्तिमा **५०२ घरलाई जस्तापाता वितरण** गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सरकारी र्कायालय, विद्यालय तथा अन्य सार्वजनिक पूर्वाधार स्थापना वा निर्माणका लागि जग्गा दानपत्र गर्ने जग्गादाताहरुलाई सम्मान गर्ने तथा त्यस्ता दानी व्यक्तित्वको चिरकालसम्म सम्झनाको लागि गाउँपालिकामा विशेष अभिलेख खडा गरिनेछ ।
- असुरक्षित एवं जोखिमयुक्त स्थानका बस्तीलाई एकिकृत, आधुनिक, सुरक्षित, किफायती र वातावरणमैत्री बस्तीमा स्थानान्तरण गर्ने कार्यक्रम ल्याइनेछ ।

उद्योग, वाणिज्य, श्रम, रोजगार तथा बजार व्यवस्थापन सम्बन्धी

- **रोजगारी सिर्जना** गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनुका साथै प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सञ्चालित आयोजनमा **सामग्री व्यवस्थापनको लागि म्याचिङ** गर्न आवश्यक रकमको व्यवस्था गरिनेछ ।
- बन्दाबन्दीका कारण र आर्थिक गतिविधिमा प्रतिकुल असरबाट बढी प्रभावित महिला, अशक्त, असहाय, अतिविपन्न वर्गको जीविकोपार्जनमा सहयोग पुग्ने **रोजगारमूलक कार्यक्रम**हरु सञ्चालन गरिनेछ । महिला, दलित तथा अपाङ्गता भएकाहरुले सञ्चालन गरेको उद्योगहरुलाई प्रवर्द्धन गर्दै लैजाने नीतिको अवलम्वन गरिनेछ ।
- उपभोक्ताको हकहित तथा अधिकार संरक्षण र प्रवर्द्धन गर्न बजार अनुगमन गरी उपभोक्ताको हित विपरित क्रियाकलापमा संलग्नलाई कारबाहीको दायरामा ल्याइनेछ ।
- विद्यमान पूर्वाधारहरुको क्षमता विस्तार, गुणस्तर सुधार, स्तरवृद्धि एवम् समयानुकूल मर्मतसम्भार लगायतका कार्यमा मेसीनको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

- गाउँपालिकामा रोजगारी सिर्जना गर्न तथा गरिबी न्यूनिकरण गर्न महत्वपूर्ण योगदान पुऱ्याउने उद्योग तथा व्यवसायहरुलाई प्रोत्साहत गर्ने नीतिको अवलम्वन गरिनेछ ।
- वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा गई विशिष्ट सीप तथा दक्षता हाँसिल गरेर फर्केका युवा जनशक्तिलाई उनीहरुले ल्याएको रेमिट्यान्सको उपयोग समेत हुने गरी आयमूलक तथा सीपमूलक कार्यक्रम सञ्चालनका लागि प्रोत्साहन गरी उनीहरुको सीपलाई पालिकाको विकासमा उपयोग गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाउँपालिकामा उपलब्ध हुने कच्चा पदार्थलाई प्रयोग गरी सञ्चालनमा ल्याइएका घरेलु तथा साना उद्योगहरुलाई प्रवर्द्धन गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- मदिराजन्य पदार्थको सेवन तथा बेचविखनलाई निरुत्साहन गरिनेछ । खाद्यवस्तु, सुर्तीजन्य, मदिराजन्य तथा विषादीजन्य वस्तुको एकै स्थानबाट बिक्रिवितरण गर्ने तथा खुला मासुजन्य वस्तु बिक्रिवितरण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

<u>पर्यटन प्रवर्द्धन सम्बन्धी</u>

- पर्यटन गुरुयोजना निमाण गरी आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न तथा गाउँपालिकाका बहुआयामिक सम्भावनायुक्त पर्यटकीय क्षेत्रको देश र विदेशमा प्रचारप्रसार गर्न **भिडियो डकुमेन्ट्री निर्माण** गरिनेछ ।
- अन्तरिक पर्यटन प्रवर्द्धन गर्न तथा ग्रामिण क्षेत्रको आयआर्जनमा वृद्धि गर्न **होमस्टे सञ्चालन** गर्न विशेष कार्यक्रम ल्याइनेछ । **कर्मचारी पर्यटक**हरुलाई गाउँपालिकास्थित पर्यटकीय स्थलहरुको भ्रमणको लागि आकर्षित गर्न विशेष कार्यक्रम सञ्चालनमा ल्याइनेछ ।
- गाउँपालिकाका विभिन्न रमणीय, दर्शनीय तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थलहरुमा आधारभूत पूर्वाधारको विस्तार गरिनेछ । गाउँपालिकाको सिमा समाप्त हुने मुख्य नाकाका सडकमा पालिकाका महत्वपूर्ण पर्यटकीय स्थलहरु झल्किने गरी प्रवेशद्वारको गरिनेछ ।
- गाउँपालिकाका धनखानी, लभपार्क, चबीचौर, शिवगुफा, मोराबाङ, भुतनछहरा गुफा, बयलडाँडा, दहवन, चौरपानी, द्वारपानी, निगालपानी, काग्रिथाना, गुप्ती दह र टप पार्कलाई **प्रकृतिमा आधारित पर्यटकीय गन्तव्य**को रुपमा विकास गरिनेछ ।
- ऐतिहासिक धरोहरको रुपमा रहेको तिलास्थित जनयुद्ध संग्रहालयको भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक व्यवस्था गरी पर्यटकीय गन्तव्यको रुपमा विकास तथा व्यापक प्रचारप्रसार गरिनेछ ।

<u>वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्बन्धी</u>

- स्थानीय जनता, सामुदायिक वन उपभोक्ता समितिको सहभागितामा नर्सरी स्थापना, खाली स्थानमा खाली स्थानमा फलफूल तथा औषधीय गुण भएका बिरुवा र वनस्पती **वृक्षारोपण तथा सदावहार घाँसखेतीको विकास**को लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
- **वातावणमैत्री स्थानीय शासन सञ्चालन**का लागी पर्यावरणीय महत्व भएका बिरुवाहरु खुला तथा सार्वजनिक स्थानमा विभिन्न सार्वजनिक उत्सवहरुमा रोप्ने व्यवस्था मिलाइनेछ ।

- प्राकृतिक तथा मानवीय कारणले हुनजाने वनजङ्गलको क्षती न्यूनीकरणका लागि भू-संरक्षण, जलाधार संरक्षण, वनक्षेत्रमा रिचार्ज पोखरी निर्माण कार्यक्रमलाई स्थानीय जनसहभागितामा अभियानका साथ सञ्चालन गरिनेछ ।
- डढेलो नियन्त्रण तथा बोटविरुवा संरक्षणका लागि जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी **हरियाली बढाई गाउँपालिकाको सौन्दर्य अभिवृद्धि** गरिनेछ । सामुदायिक वन क्षेत्रलाई सम्भावित डढेलोबाट जोगाउन सामुदायिक वनका उपभोक्ता समितिहरुलाई परिचान गरी वन क्षेत्रभित्र अग्नी रेखा तथा पोखरी निर्माण गर्ने व्यवस्था मिलाइनेछ ।
- गाउँ तथा बजारबासीहरुलाई घर आँगन सफा सुग्घर राख्न जिम्मेवार बनाउन **हाम्रो आँगन, राम्रो आँगन** कार्यक्रम सञ्चालन गरिनेछ ।
- वन उपभोक्ता समितिबाट अनुमति लिई जथाभावी वनका काठ मास्ने कार्यको अन्त्य गरी वार्षिक कार्ययोजना अनुसारमात्रै काठ काट्ने पद्धतीको विकास गरिनेछ ।
- सामुदायिक वन उपभोक्ता समितिहरुले अनिवार्य रुपमा आयव्ययको हिसाब किताब वार्षिक रुपमा वडा तथा गाउँपालिकामा पेश गर्नुपर्ने व्यवस्था गरी कार्यान्वयन गरिनेछ । वन ऐनको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

फोहोरमैला व्यवस्थापन सम्बन्धी

- गाउँपालिकाका मुख्य बजार क्षेत्रको कुहिने, नकुहिने, सिसा र हानीकारक फोहरमैला व्यवस्थापनका लागी अलग-अलग **ल्यान्ड फिल साइट**को निर्माण गरिनेछ ।
- प्लाष्टिक झोलाको प्रयोगलाई निरुत्साहित गर्दै वैकल्पिक विधिहरुको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।
- प्लाष्टिक जन्य फोहोरको व्यवस्थापनको लागि **सुइरो कार्यक्रम** सञ्चालन गरी आयआर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।
- कुहिने फोहोरबाट प्राङ्गारिक मल बनाउन फोहोरबाट मोहर आभियान सञ्चालन गरिनेछ ।

विपद् व्यवस्थापन सम्बन्धी

- प्राकृतिक, मानवीय सिर्जित तथा भवितव्यका कारण उत्पन्न भएका विपद् प्रतिकार्य तथा व्यवस्थापन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरी गाउँपालिकाको **विपद् व्यवस्थापन** कोषलाई सुदृढ गरिनेछ ।
- विपद् व्यवस्थापनका लागी आवश्यक पर्ने राहत तथा उद्धार सामग्रीको पर्याप्त व्यवस्था गर्न विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्था तथा निकाय सहकार्य गरिनेछ ।
- **मनुसुनजन्य बाढी तथा पहिरो रोकथाम तथा नियन्त्रण** गर्न पूर्व तयारीका लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ । साथै बाढी पहिरोको संभावित जोखिम भएको स्थानमा **ग्याबिन जाली, ह्युम पाइप** राख्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- विपद्को पूर्व तयारीका लागि संभाव्य जोखिमको पहिचान गर्ने, क्षतिको पूर्वानुमान गर्ने तथा सतर्कताका लागि पूर्वचेतावनी दिनसक्ने संयन्त्रको विकास गरिनेछ ।

संगठन संरचना, दरबन्दी र कार्यविवरण सम्बन्धी

- गाउँपालिकाको कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता तथा विशिष्टताका आधारमा **संगठन तथा व्यवस्थापन सर्भेक्षण**का आधारमा सन्तुलित, चुस्तदुरुस्त र सानो आकारको कार्यालय संगठन संरचना तथा सोही बमोजिम दरबन्दी कायम गरिनेछ ।
- कार्य सम्पादनलाई छिटोछरितो, गुणस्तरीय र प्रभावकारी बनाउन प्रत्येक तह र पदको **कार्यविवरण** बनाई लागू गर्ने तथा कार्य सम्पादन सम्झौता गर्ने नीतिको अवलम्वन गरिनेछ ।

सेवा प्रवाह र सुशासन सम्बन्धी

- सेवा प्रवाहमा पारदर्शिता, जवाफदेहिता, गुणस्तरियता, मितव्ययीता, सरलता, सहजता र प्रभावकारिता अभिवृद्धि गरी सुशासन कायम गरिनेछ ।
- अस्थायी र करार सेवाका कर्मचारीहरुको तलब वृद्धि गर्न बजेटको व्यवस्था गरिनेछ ।
- सबै स्थायी राष्ट्रसेवक कर्मचारीहरुको मनोबल वृद्धि गरी कार्यसम्पादनमा प्रभावकारीता ल्याउन, सेवा प्रवाहमा परिमाणात्मक र गुणात्मक अभिवृद्धि गर्न तथा सेवा सुविधालाई समयानुकुल बनाउन तलब सुविधा वृद्धिका लागि आवश्यक बजेट विनियोजन गरिनेछ ।
- स्थानीय तहको संस्थागत क्षमता कार्यविधि (लिजा) मा गाउँपालिकाले हाँसिल गर्नुपर्ने सूचकहरु पूरा गर्नको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहमा जेष्ठ नागरिक, बालबालिका, अपाङ्ग तथा महिलाहरुलाई प्राथमिकता दिइनेछ ।
- गाउँपालिकाभित्र एउटा सोधपुछ तथा सहायता कक्षको व्यवस्था गरी सेवाग्राहीलाई सरल र सुलभ तरिकाले सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।
- सेवा प्रवाहलाई सरल, सहज र प्रविधिमैत्री बनाइने, सेवा प्रवाहको प्रभावकारीताका बारेमा नियमित अनुगमन, गुनासो सुनुवाई तथा सम्बोधन हुने व्यवस्था मिलाइनेछ ।
- गाउँपालिका हुने सेवा प्रवाहको गुणस्तरीयताको परीक्षण गर्न, सेवा प्रवाहका अवरोधहरुको बारेमा थाहा पाउन तथा सेवा प्रवाहमा सुधार ल्याउनका लागि सेवाग्राही समेतको सहभागितामा कार्ययोजना निर्माणका लागि गाउँपालिका तथा वडा तहमा सामुदायिक अंकपत्र अन्तरसंवाद कार्यक्रमको आयोजना गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाहमा सरलता ल्याउन संस्थागत पूर्वाधार विकास, सेवा प्रवाहका मापदण्ड निर्धारण र सूचना प्रविधिको प्रयोग सम्बन्धमा उपयुक्त कार्ययोजना निर्माण गरी सेवा प्रवाहलाई चुस्त, दुरुस्त र छरितो बनाइनेछ ।
- उपभोक्ता हित प्रवर्द्धन तथा खाद्यपदार्थ लगायतका सामग्रीहरुमा हुने मिसावट लगायतका समस्यालाई न्यूनिकरण गर्न बजार अनुगमन गर्ने कार्यलाई चुस्त एवं प्रभावकारी बनाइनेछ । दर्ता गरेर मात्र व्यवसाय सञ्चालन गर्ने व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिनेछ ।
- उत्कृष्ट कार्य सम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत र न्यून कार्यसम्पादन भएकाहरुलाई दण्ड गर्ने नीतिलाई कडाईका साथ कार्यान्वयन गरिनेछ ।
- निर्माण गर्न बाँकी रहेका ऐन, कानून र कार्यविधिहरुको शिघ्रताका साथ निर्माण गर्दै अद्यावधिक गर्नुपर्ने कानूनहरुलाई समयसापेक्ष संशोधन गर्दै लगिनेछ ।

क्षमता विकास सम्बन्धी

- सूचना प्रविधिमा आधारित भई सेवा प्रवाह चुस्तदुरुस्त रुपमा सञ्चालन गर्न कर्मचारी, जनप्रतिनिधि, विद्यालय कर्मचारी लगायतलाई आधारभूत सूचना प्रविधिसँग सम्बन्धी तालिम दिइने तथा आवश्यक सफ्टवेयरको व्यवस्था मिलाइनेछ ।
- पूर्वाधार विकास निर्माणलाई गुणस्तरीय, दिगो, भरपर्दो र विश्वसनीय बनाउन सीकर्मी तथा डकर्मी तालिम तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।
- कर्मचारीको क्षमता अभिवृद्धिका लागि आवश्यक कार्यक्रम ल्याइने, कार्यशैलीलाई परिणामुखी बनाइने र कर्मचारीहरुलाई सेवा प्रवाहप्रति जिम्मेवार, जवाफदेही र गतिशील बनाइनेछ ।
- राजश्व असुली सम्बन्धमा घुम्ती सेवा सञ्चालन तथा राजश्व असुली सम्बन्धमा वडा कार्यालयका कर्मचारीलाई तालिमको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको आन्तरिक आयलाई सुदृढ गर्न कर प्रशासनलाई सुदृढ गर्दै कर संकलनमा सकारात्मक वातावरण निर्माण गर्न सातवटै वडामा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिनेछ ।

सूचना तथा सञ्चार सम्बन्धी

- डिजिटल सूचना बोर्ड, डिजिटल बडापत्र, मोबाइल एप्स, टोल फ्रि नं., सामाजिक सञ्जाल र वेवसाइट मार्फत् गाउँपालिकाले प्रदान गर्ने सबै सेवा सुविधाहरु बारेमा नागरिकलाई सुसूचित गर्ने तथा आफ्ना गतिविधिहरुको बारेमा सार्वजनिक गर्ने व्यवस्था मिलाई **सूचनाको हकको प्रभावकारी कार्यान्वयन** गरिनेछ ।
- E-Governance लाई प्रवर्द्धन गर्दै गाउँपालिकाका सम्पूर्ण कार्य प्रणालीलाई Online System मा आवद्ध गरिनेछ ।
- **विकास पत्रकारीता**लाई प्रोत्साहन गरिनेछ । गाउँपालिकाका विकास गतिविधिहरुलाई पालिकाबासी सामु सु-सूचित गर्न तथा सुशासनलाई प्रवर्द्धन गर्न गराउनका लागि सञ्चार माध्यम, सञ्चारकर्मी तथा पत्रकारहरुसँग सहकार्य गरिनेछ ।
- गाउँपालिकाको विकास र सेवा प्रवाह सम्बन्धी भिडियो डकुमेन्ट्री निर्माण गरिनेछ साथै गाउँपालिका स्थापना भएदेखि हालसम्मको प्रगति पुस्तिका तयार गरी सार्वजनिक गरिनेछ ।
- राष्ट्रिय परिचय-पत्र तथा पञ्जिकरण विभागले स्थापना गरेको अनलाइन प्रणालीमा पुराना घटना दर्ता रजिष्टरका विवरणलाई **डिजिटाइजेसन** गरी प्रतिलिपी जारी गरिनेछ । बाँकी रहेका वडाको व्यक्तिगत घटना दर्ता प्रक्रियालाई अनलाईन प्रणालीबाट सञ्चालन गरिनेछ ।
- सबै सञ्चार माध्यमसँग समदूरी अख्तियार गर्दै गाउँपालिकाका नियमित सूचना, गतिविधि तथा क्रियाकलापहरुलाई स्थानीय तथा राष्ट्रियस्तरमा प्रचारप्रसार गर्ने व्यवस्था मिलाइनेछ ।
- दूरसञ्चार सेवा तथा ईन्टरनेट सेवालाई प्रभावकारी बनाउन सेवा प्रदायकसँग आवश्यक समन्वय गर्दै गाउँपालिकालाई Free WiFi Zone का रुपमा विकास गरिदै लगिनेछ ।
- राजश्व अभिलेखलाई प्रभावकारी बनाउन र चुस्तदुरुस्त राख्न राजश्व सफ्टवेयरको विकास गरिनेछ ।

<u>बजेट तथा स्रोत परिचालन सम्बन्धी</u>

- उपलब्ध प्राकृतिक स्रोत साधन तथा जनसांख्यिक लाभलाई उत्पादनमूलक क्षेत्रमा सदुपयोग गरिनेछ । आर्थिक उपलब्धी र विकासका प्रतिफलहरुको समन्यायीक रुपमा वितरण गरिनेछ ।
- भौतिक पूर्वाधार निर्माणको गतिलाई तीव्रता दिन, उत्पादन र उत्पादकत्व वृद्धि गर्न सार्वजनिक, नीजि, सहकारी र सामुदायिक क्षेत्रको लगानीमा उत्पादनमूलक र उच्च प्रतिफल दिने कार्यक्रम तथा आयोजनामा स्रोतसाधनको परिचालन गरिनेछ ।
- विकास निर्माणका कार्यक्रम तथा आयोजनाहरु तोकिएको समय, गुणस्तर र लागतमा सञ्चालन गरिनेछ ।
- विकास निर्माणसँग सम्बन्धित कामहरुमा स्थानीय जनशक्ति तथा उपलब्ध स्रोतसाधनको प्रयोगमा उच्च प्राथमिकता दिइनेछ ।

<u>नागरिकको आयआर्जन सम्बन्धी</u>

- गैरकाष्ठ, जडिबुटी तथा अन्य वनजन्य उत्पादनको प्रवर्द्धन गरी गरिब तथा न्यून आय भएका नागरिकको सहभागितामा अर्थोपार्जन हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
- बेरोजगार व्यक्तिहरुको लगत संकलन गरी व्यवसायिक कृषि, स्थानीय पूर्वाधार, स्थानीय सीप र पूँजीमा आधारित उद्योग र सेवा क्षेत्रमा परिचालन गरिनेछ ।
- सहकारीको मूल्यमान्यतामा आधारित भई रोजगारी सिर्जना, पूँजी परिचालन र सेवा प्रवाहको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने सहकारी संस्थालाई प्रोत्साहित गरिनेछ ।

<u>अल्पकालीन तथा दीर्घकालीन नीति, योजना र कार्यक्रम सम्बन्धी</u>

- सडक यातायात गुरुयोजना, पूर्वाधार निर्माण गुरुयोजना, जोखिम संवेदशील भू-उपयोग योजना तथा भौतिक पूर्वाधार निर्माणमा सार्वजनिक-नीजि साझेदारी नीति तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- सडक, सिंचाई, खानेपानी लगायतका भौतिक पूर्वाधारहरुको सहज उपलब्धता तथा गुणस्तरमा सुधार गर्दै विकास निर्माण कार्यलाई तीव्र रुपमा अघि बढाइनेछ ।
- कार्यक्रम तथा आयोजनाहरुको पुनःप्राथमिकीकरण गर्ने, फजुल खर्च रोक्ने, वित्तीय अनुशासन कायम गर्ने, उत्पादनशील तथा रोजगारमूलक क्षेत्रमा लगानी केन्द्रित गरिनेछ ।
- आदिवासी तथा जनजाती, दलित, फरक क्षमता भएका व्यक्ति, एकल महिला, सुकुम्बासी, द्वन्द पिडित, विभिन्न आन्दोलनका घाईते, वेपत्ता एवम् शहिद परिवार, रोजगारी गुमाएका श्रमिक, साना किसान, असहाय व्यक्ति, गरिब तथा विपन्न वर्गको जीवनस्तरमा अपेक्षित सुधार ल्याउन स्वास्थ्य, शिक्षा, सीप विकास तालिम र रोजगारी एवं आयआर्जन सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- द्वन्द पिडित व्यक्तिहरु तथा निजको परिवारका सदस्यहरुलाई सामाजिक सुरक्षा र न्यायको अनुभूति प्रदान गर्न आवश्यक व्यवस्था गरिनेछ ।

स्रोतहरुको पहिचान सम्बन्धी

- वित्तीय सुशासन कायम गरिने, पारदर्शी रुपमा बजेट तर्जुमा र कार्यान्वयन गर्ने नीतिको अवलम्बन गरिनेछ ।
- पूँजीगत खर्चको गुणस्तरीयता र चालु खर्चको फजुल तथा अनुत्पादक खर्चलाई कटौती गरी मितव्यीता कायम गरिनेछ ।
- सामुदायिक खेती, सहकारी खेती र व्यवसायिक खेती गर्न भूमि, पूँजी र प्रविधिको संयोजन गरी एकै प्रकारको बाली एकैसाथ उत्पादन वृद्धि र रोजगारी सिर्जना गर्न उत्प्रेरित गरिनेछ ।
- गाउँपालिकास्थित खानीबाट जथाभावी चुनढुंगा उत्खनन् तत्काल बन्द गराउने, गाउँपालिकामै चुनढुंगामा आधारित उद्योगहरु स्थापना गर्न पहल गर्ने, तथा चुनढुंगा निकासीलाई करको दायरामा ल्याई निकासी प्रक्रियालाई व्यवस्थित गर्ने नीति अवलम्बन गरिनेछ ।
- खानी रोयल्टी वापत गाउँपालिकाले पाउनुपर्ने रोयल्टी प्राप्त गर्नको सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।
- स्थानीय सरकारका पूर्वाधार निर्माण गर्न निःशुल्क रुपमा जग्गा दान गर्नुहुने जग्गा दातालाई गाउँपालिकाबाट विशेष अभिलेख खडा गरी सम्मान गर्ने नीतिको अवलम्बन गरिनेछ ।

विज्ञान तथा प्रविधि सम्बन्धी

- विद्यालयमा अध्ययनरत बालबालिकाहरुको विज्ञान तथा आविष्कारप्रति रुची तथा आकर्षण बढाउन **विज्ञान प्रतिभा कार्यक्रम** सञ्चालन गरिनेछ ।
- प्रदेश सरकार र संघीय सरकारको सहयोगमा बाँकी रहेका आ.वि. तथा मा.वि. हरुमा पुस्तकालय, विज्ञान प्रयोगशाला तथा कम्प्यूटर ल्याबको स्थापना गरिनुको साथै शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग गर्न उच्चगतिको इन्टरनेट जडान गरिनेछ ।
- बालबालिका तथा युवाहरुबाट सूचना प्रविधिका उपकरणहरु डिजिटल ड्रगको रुपमा प्रयोग हुन नदिन त्यस्ता उपकरणहरुको सदुपयोगको सम्बन्धमा सचेतना अभिवृद्धि गर्न विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

सुरक्षा व्यवस्था

- गाउँपालिकामा शान्ति सुरक्षा कायम गर्नका लागि गाउँपालिकालाई मदिरा तथा जुवातास निषेधित गर्ने विगतको निर्णयलाई कडाईका साथ कार्यान्वयन गरिनेछ भने त्यस्ता कार्य गरेमा कडा दण्ड तथा जरिवानाको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको सुरक्षा व्यवस्था तथा अन्य गतिविधिहरुलाई चुस्त बनाउन नगर प्रहरीको व्यवस्था गरिनेछ ।
- प्रहरी निरीक्षक कमाण्डको गाउँपालिकास्तरीय प्रहरी कार्यालय स्थापनाका लागि आवश्यक पहल गरिनेछ । नुवागाउँमा प्रहरी चौकी भवन निर्माण गर्न तथा करेटी, सिम्पानी र तिलामा प्रहरी चौकी राख्नका लागि सम्बन्धित निकायमा आवश्यक पहल गरिनेछ ।

सरकारी तथा गैरसरकारी संघसंस्था सम्बन्धी

- गाउँपालिकाको संवाङ्गीण विकासलाई तिव्रता दिने कार्यमा योगदान तथा साझेदारी गर्न तथा विभिन्न प्राकृतिक, मानव सिर्जित विपद् रोकथाम तथा नियन्त्रणका लागि सरकारी, गैरसरकारी तथा सामुदायिक संस्थाहरुलाई व्यापक परिचालन गरिनेछ ।
- संघसंस्था दर्ता, नविकरण, अभिलेखीकरण र नियमनको कार्यलाई व्यवस्थित गरिनेछ ।

**गाउँसभाका उपाध्यक्ष तथा सम्पूर्ण सदस्यज्यूहरु,**

**अन्त्यमा,** यस त्रिवेणी गाउँपालिकाको चौतर्फी विकासमा योगदान पुऱ्याउने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, बौद्धिकवर्ग, नीजि, सहकारी र सामुदायिक क्षेत्र, विकास साझेदार संघसंस्था, श्रमिकवर्ग, नागरिक समाज, आमसञ्चार जगतलगायत सम्पूर्ण आमाबुबा, दिदीबहिनी तथा दाजुभाईहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी वर्षको **नीति तथा कार्यक्रमको अधिकतम् प्रतिफलसहित पूर्ण कार्यान्वयनमा रचनात्मक सहयोग**को हार्दिक अपिल गर्न चाहन्छु ।

धन्यवाद ।

**शान्तकुमार वली**
**अध्यक्ष, त्रिवेणी गाउँपालिका, रोल्पा**
**२०७८/०३/१० गते बिहिबार**